# सूर्मा गाउँपालिका

# ‘घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७५

गाउँसभामा पेस गरिएको मिति-: २०७५।०२।१२

प्रमाणित गरिएको मिति-: २०७५।०३।१२

सूर्मा गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय दौलिचौर, बझाङ्ग ।

प्रदेश नं ७ नेपाल

CamScanner

# सूर्मा गाउँपालिका
# "घ" वर्गको निर्माण व्यवसायी
# इजाजतपत्र दर्ता तथा नविकरण
# सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावना**:

विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदका मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) बमोजिमको जिम्मेवारी पुरा गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम सूर्मा गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र दर्ता तथा नविकरण सम्वन्धि कार्यविधि, २०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "गाउँपालिका" भन्नाले सूर्मा गाउँपालिकालाई जनाउँदछ ।

(ख) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सूर्मा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ ।

(ग) "ईजाजतपत्र" भन्नाले सूर्मा गाउँपालिकाले कुनै पनि कम्पनी वा फर्मलाई "घ" वर्गको निर्माण व्यवसाय गर्नलाई दिईएको ईजाजतपत्रलाई जनाउँदछ ।

**इजाजतपत्र प्राप्त गाउँ सार्वजनिक निर्माण कार्य गर्न नहुने** :

(१) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त गाउँ "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**नयाँ ईजाजतपत्र सम्वन्धी व्यवस्था** : (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस सूर्मा गाउँपालिकाको कार्यालयमा [प्रमु]ख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

नर बहादुर बोहरा

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको सम्बन्धमा प्राविधिक परामर्शदाताबाट जाँचबुझ गराउनु पर्नेछ ।

(३) उपदफा (२) अनुसारको जाँचबुझ प्रतिवेदनको अध्ययन गरी प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने वा नगर्ने निर्णय गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरुको इजाजतपत्र उपदफा (३) बमोजिमको निर्णय बमोजिम गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

(५) उपदफा (२) बमोजिमको योग्यता परिक्षणको लागि गाउँपालिकाले सुचिकृत मध्येका स्वतन्त्र प्राविधिक परामर्शदातासँग सम्झौता गर्न सक्नेछ । त्यस्तो प्राविधिक परामर्शदाताको परिक्षण प्रतिवेदनको आधारमा प्रमुख प्रशासकीय अधिकृतले निवेदकलाइ इजाजतपत्र दिने वा नदिने निर्णय गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको प्राविधिक परामर्शदाताको परिक्षण प्रतिवेदनको सम्पूर्ण जिम्मेवारी निज प्राविधिक परामर्शदाताकै हुनेछ । प्राविधिक परामर्शदाताले कुनै गलत तथ्यको सिफारिस गरेमा कानून बमोजिम कारवाहिको लागि गाउँपालिकाले सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

५. **इजाजतपत्रको अवधि, नवीकरण र नामसारी** : (१) दफा ४ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ६ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा वाहेक नविकरण अवधिसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम तिर्नुपर्ने सम्पुर्ण कर तिरी सकेको प्रमाण स्वरुप करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्बन्धित गाउँपालिकाबाट गाउँपालिकाको आर्थिक ऐनले तोकेको रकम सोहि अनुसार र नतोकिएको अवस्थामा अनुसुची २ अनुसारको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पास बुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ बमोजिमको पास बुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउँपालिका बाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेकोमा सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ । तर दुई वर्ष म्याद नाघेको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) एक व्यक्ति, संस्था वा कम्पनीबाट अर्कोमा नामसारी गर्न माग भएमा नामसारी गर्न सक्नेछ ।



CS CamScanner

६. **इजाजतपत्रको खारेजी** : (१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ:

(क) झुठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठाविवरण पेश गरेको सम्वन्धित निकायवाट लेखि आएमा

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न गाउँको वा सम्झौताको गम्भिर उल्लघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

(घ) आवश्यक योग्यता कायम नरहेमा ।

२) उपदफा (१) वमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्वन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिव माफिकको मौका दिइने छ ।

(३) दफा ५ को उपदफा (३) वमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

. **इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था** : कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणवाट जाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ वमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु नेछ ।

**प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित नून वमोजिम हुनेछ ।

**बचाउ** : यस अघि जिल्ला समन्वय समितिको कार्यालयवाट हस्तान्तरण भै आएका इजाजतपत्रहरु यसै र्याविधि वमोजिम भए गरेको मानिनेछ ।

नर बहादुर बोहरा
अध्यक्ष

अनुसूची - १

कार्यविधिको दफा ४ को उपदफा (१) संग सम्बन्धित

ईजाजतपत्रको लागि दिईने दरखास्त

| आवेदकको फोटो |
|---|

विषय : इजाजतपत्र पाउ भन्ने बारे ।

श्री सूर्मा गाउँपालिकाको कार्यालय

त्यस सूर्मा गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७५ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-

नाम :- नागरिकता नं. :-

ठेगाना :- पोष्ट वक्स :- टेलिफोन नं.

फयाक्स नं.:- ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति (कोष्ठमा रेजा लगाउनु पर्नेछ)

एकलौटी फर्म साझेदारी प्राइभेट कम्पनी पब्लिक कम्पनी

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-

नाम थर :- ठेगाना :- पोष्ट वक्स :- टेलिफोन नं. फयाक्स नं.:- ईमेल :-

४. फर्म वा कम्पनीको विवरण :-

दर्ता न :- दर्ता मिति :- अधिकृत पूजी :- चुक्ता पूजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

५. इजाजतपत्र लिन चाहेको वर्ग :- ( घ ) वर्ग

६. आर्थिक श्रोतको विवरण :-

विवरण रकम वित्तिय संस्था वा बैंकको नाम ग्याड ओभरड्राफट मुद्दती खाता चल्ती खाता बचत खाता अन्य कुनै कुल जम्मा नोट उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

[signature] ... बहादुर ... अध्यक्ष

CamScanner

७. जनशक्तिको विवरण :-

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

(ग) अन्य :-

कर्मचारीको शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ ।

८. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :- सि.नं. नाम र विवरण दर्ता नं. क्षमता/संङख्या मुल्य खरिद मिति अन्य व्यहोरा द्रष्टव्य : यस विवरणमा उल्लिखित उक्त सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल इन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

९. करचुक्ता गरेको प्रमाण कागजात :- क. यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला । दरखास्तवालाको, दस्तखत :- मिति :-

द्रष्टव्य :दरखास्त फारम साथ पेश हुने सवारी तथा मेशीनरी औजारको स्वामित्वको कागजातको नोटरी पब्लिकवाट प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको वखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

९. करचुक्ता गरेको प्रमाण कागजात :-

क.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

दरखास्तवालाको,

नामथर :-

दस्तखत :-

मिति :-

द्रष्टव्य :दरखास्त फारम साथ पेश हुने सवारी तथा मेशीनरी औजारको स्वामित्वको कागजातको नोटरी पब्लिकवाट प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको वखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

CamScanner

अनुसूची - २

१. कार्यविधि को दफा ४ को उपदफा (४) र दफा ५ को उपदफा (२) र (३) संग सम्वन्धित

| क्र.सं. | इंजाजतपत्र दस्तुर | इंजाजतपत्र नवीकरण तथा नामसारी दस्तुर | इंजाजतपत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|
| १ | रु. १०,०००।०० | रु. ५,०००।०० | रु. १,०००।०० |

२. थप दस्तुर

क) नविरकण गर्नु पर्ने म्याद नाघेको ३ महिना सम्म थप दस्तुर नलाग्ने ।

ख) नविकरण गर्नु पर्ने म्याद नाघेको ६ महिना सम्म भए रु १,५००।- थप दस्तुर लाग्ने ।

ग) ६ महिना भन्दा बढी एक वर्ष सम्म भए रु ५,०००। थप दस्तुर लाग्ने ।

घ) १ वर्ष भन्दा बढी २ वर्ष भित्र रु १०,००० थप दस्तुर लाग्ने ।

नर बहादुर ढोंगरा
अध्यक्ष

CamScanner

अनुसूची - ३

कार्यविधि को दफा ४ को उपदफा (४) र दफा ५ संग सम्वन्धित

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र

ईजाजत नं.........

मितिः

सूर्मा गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

सूर्मा गाउँपालिका, बझाङ

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि, २०७५ को दफा ४ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ............... स्थित कार्यालय भएको .................. फर्म वा कम्पनीलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गरिएकोछ ।

प्रोपोराइटरको,

नाम :-

ठेगाना :-

नगरिकता नं. :

फोटा

ईजाजतपत्र दिनेको,

दस्तखत :-

नाम :-

पद :-

मिति :-

नविकरण :

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर भौचर र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नविकरण गर्ने अधिकारी
नविकरण गरेको मिति
नविकरण बहाल रहने अवधि
नविकरण दस्तुर भौचर र मिति
नविकरण गर्ने अधिकारीको दस्तखत

अनुसूची -४

नविकरणको लागि निवेदन साथ पेश गर्नु पर्ने निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क.सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रम को नाम (भएमा) | शेयर प्रतिशत | ठेक्का विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) थप समय: | क) ख्वचष्वतष्य ल पछिको ब्ष्यलतचब अत बयगलत | क) सम्पन्न रकम | क) अन्तिम ठेक्का रकम : | |
| | | | | | ख) सम्झौता मिति : | | ख) ख्वचष्वतष्य ल को निर्णय गर्ने पदाधिकारी को नाम | ख) सम्पन्न मिति | ख) सम्पन्न मिति : | |
| | | | | | ग) ठेक्का अवधि | | ख)पद : | ग) सम्पन्न ५ | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

............

इजाजत पत्र बाहकको दस्तखत र छाप

## अनुसुची-५

### "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी वा एकलौटि फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूंजी भएको उद्योग दर्ता भएको हुनु पर्नेछ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ।

३. मेशीन र उपकरण :

(क) टिपर/ट्याक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) न्जभयमर्याप्तिमगीभखर्भा :वअंजप्लभ (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

द्रष्टव्य : १. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन।

४. पाँच वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन।

बहादुर जोहरा

CamScanner